"समृद्द गौरीशंकर गाउँपालिकाको लागि वातावरणिय सन्तुलन सहितको अभियान"
# गौरीशंकर गाउँपालिका
Gaurishankar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
सुरी, दोलखा ।, Suri, Dolakha.
बागमती प्रदेश, नेपाल ।, Bagmati Province, Nepal.

पत्र संख्या/ Ref. No. :- ०७७/७८
चलानी नं. /Dispatch No.:- ६४०

मिति/ Date:- २०७७/०९/२१

## सार्वजनिक सूचना

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिकाको कार्यालयको च.नं. २६०/०७७-०७८, मिति २०७७/०६/२५ गतेको पत्रबाट अपर तामाकोशी हाइड्रोपावर कम्पनीबाट निस्केको फोहोर (धातुजन्य पदार्थ जस्तै फलामका टुक्रा, किलाकाटा, आल्मुनियमका टुक्राहरु, प्लाष्टिक झोलाहरु, सिसाका टुक्राहरु) व्यवस्थापनका लागि विगु गाउँपालिका र गौरीशंकर गाउँपालिकाको विचमा रहेको तामाकोशी नदिको छ्योत-छ्योत देखि जामुनेसम्म पर्ने तामाकोशी नदि र नदि वरिपरि भएका धातुजन्य फोहोर व्यवस्थापनको लागि निवेदक शुक बहादुर गुरुङ्गले निवेदन पेश गरे बमोजिम सवैको सरोकारको विषय रहेको नदिनाला सरसफाई गर्ने मनसायले निवेदकलाई सिफारिस गरिएको सम्बन्धमा हालसम्म यस कार्यालयलाई कुनै पनि संघीय मन्त्रालय, विभाग तथा कार्यालयबाट उक्त नदि सरसफाईको तथा वरिपरि रहेका धातुजन्य पदार्थ व्यवस्थापनका लागि अनुमति प्रदान गरिएको जानकारी गराउने पत्र प्राप्त नभएको व्यहोरा अवगत गराइन्छ साथै यस पालिकाबाट जारी भएको माथि उल्लेखित सिफारिस पत्रको आधारमा मात्र नदि तथा नदिको आसपासमा रहेको धातुजन्य पदार्थ फलामको टुक्रा, आल्मुनियमका टुक्रा, सिसाका टुक्राहरु लगायत फोहोरजन्य पदार्थहरु संकलन तथा व्यवस्थापन गर्नु गैह्रकानूनी हुँदा सम्बन्धित मन्त्रालय तथा अधिकार प्राप्त सरोकारवाला निकायबाट जारी भएको अनुमति पत्रको आधारमा मात्र माथि उल्लेख भए बमोजिम नदि सरसफाई एवं नदि तथा नदि आसपासमा रहेका धातुजन्य पदार्थ संकलन तथा व्यवस्थापन गर्न सकिने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

बाल कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत